सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
प्रदेश नं. १, नेपाल

प. स. :- २०७८/०७९

मिति :- २०७८/०८/२१

च. नं. :-

दुहवी नगरपालिका नगर कार्यपालिकाको कार्यालय १ नं. प्रदेश दुहवी, सुनसरी स्था: २०७३

**विषय :- प्रेस बिज्ञप्ति**

उपरोक्त सम्बन्धमा केही दिन अघि मात्र अफ्रिकी मुलुकमा पहिचान गरिएको ओमिक्रोन भेरिएन्ट ( SARS-Cov- २ variant Omicron (B. १.१.५.२९) साउथ अफ्रिका तथा एशियाका केहि मुलुकहरुमा अहिले तीव्र विस्तार भईरहेको अवस्था छ । विश्व स्वास्थ्य संगठनले यो नयाँ भेरिएन्टलाई विश्वव्यापी भेरिएन्ट अफ कन्सर्न भनी घोषणा गरेको छ । हाल सम्म उक्त भेरिएन्ट नेपालमा पनी २ (दुई) जना फेला परिसकेको र आवश्यक निगरानी तथा परिक्षणको दायरालाई फराकिलो पारिएको अवस्था छ । नयाँ देखिएको यो भेरिएन्टलाई समयमै सावधानी अपनाई नेपालमा प्रवेश हुन नदिन र जनजीवनलाई सामान्य राख्न नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,दुहबी नगरपालिका तथा सबै निकाय तिब्र रुपमा एक भएर काम गरिरहेको अवस्था छ ।

कोभिड - १९ को ओमिक्रोन भेरिएन्टको संक्रमणलाई दृष्टिगत गर्दै अत्यावश्यक काम बाहेक विदेश भ्रमण नगर्न हुन तथा सावधानी अपनाउनु हुन दुहबी नगरपालिका अपिल गर्दछ ।

यो भेरिएन्ट बढी संक्रामक तथा सबै उमेर समूहका ब्यक्तिहरुमा असर पार्ने देखिएको छ । त्यसैले संक्रमण रोक्न हामी सबै सचेत र जिम्मेवार बनी जनस्वास्थ्यका मापदण्डहरुको पालना गर्न गराउन भूमिका बढाउन सबैको जानकारीका लागि बिनम्र अनुरोध छ । अन्त्यमा कोभिड - १९ बिरुद्दको खोपले कोभिड - १९ रोगबाट बचाउन मद्दत गर्दछ र पायक पर्ने ठाउँमा गई खोप लगाउनु हुन सबैमा अनुरोध छ ।

८।२१

नि.प्रमुख प्र.अधिकृत